# काठमाडौं महानगरपालिका

[illegible]

## नगर कार्यपालिकाको कार्यालय

बागदरबार, काठमाडौं

बाग्मती प्रदेश, नेपाल

प्रशासन विभाग

पत्र संख्या: ०७८/०७९

चलानी नं. १५५५

मिति: २०७९/०१/२६

श्री विद्यालय/वडा कार्यालय/स्वास्थ्य चौकी/अन्य भवन

काठमाडौं ।

**विषय: निर्णय कार्यान्वयन सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं. ०७८/०७९, च.नं. १३८, मिति २०७९/१/१९ पत्रमा स्थानीय निर्वाचनका सन्दर्भमा निर्वाचन कार्यक्रम अनुसार मतदानका लागि खटिने कर्मचारीहरु मतदानको दिन भन्दा ३ (तीन) दिन अघि नै मतदान स्थल तथा मतदान केन्द्रमा तोकिएका सार्वजनिक विद्यालय, वडा कार्यालय, स्वास्थ्य चौकी तथा अन्य भवन एवं भौतिक संरचना मतदान प्रयोजनका लागि उपयोग गर्न मिति २०७९/०१/२८ गते देखि २०७९/०१/३० सम्म उपलब्ध गराउन आदेशानुसार अनुरोध छ ।

सोम बहादुर राना
सहायक निर्देशक

बागदरबार, काठमाडौं नेपाल, फोन नं. :४२३१४८१,४२६७३९० फ्याक्स ९७७-१-४२६८५०९
ईमेल : admin.dept@kathmandu.gov.np, वेभसाइटHttp//www.kathmandu.gov.np

नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## संघीय मामिला शाखा

सिंहदरबार, काठमाण्डौ ।

प.सं.२०७८/७९
च.नं. १३८

मिति २०७९/०१/१९

श्री स्थानीय तहहरु (सबै),

**विषय: निर्णय कार्यान्वयन सम्बन्धमा ।**

प्रस्तुत विषयमा निर्वाचन आयोग, नेपालको प.सं./च.नं. (१-१-१-३५क.प्र./२०७८/७९/९१७) मिति २०७९/०१/१४ र प.सं: २०७८/७९ . च.नं.२०० मिति २०७९/०१/१५ को पत्रबाट मिति २०७९/०१/३० गते हुन गईरहेको स्थानीय निर्वाचनका सन्दर्भमा निर्वाचन कार्यक्रम अनुसार मतदानका लागि खटिने कर्मचारीहरु मतदानको दिन भन्दा ३(तिन) दिन अघि नै मतदान स्थल तथा मतदान केन्द्रमा पुगी मतदान केन्द्रको निर्माण एवं मतदाता परिचय पत्र वितरण समेत गर्नुपर्ने भएको हुँदा मतदान स्थल तथा केन्द्र तोकिएका सार्वजनिक विद्यालय, वडा कार्यालय, स्वास्थ्य चौकी तथा अन्य भवन एवं भौतिक संरचना मतदान प्रयोजनका लागि उपयोग गर्न, त्यस्ता भवन र भवन परिसर मिति २०७९/०१/२८ देखि २०७९/०१/३० सम्म उपलब्ध गराउन सबै स्थानीय तहहरुमा लेखि पठाई दिनु हुन भनी लेखि आएकोले माथि उल्लेख भए अनुसारको समयका लागि तहाँ कार्यालय अन्तर्गत रहेका उल्लेखित कार्यलय भवन तथा भवन परिसर उपलब्ध गराई दिनु हुन आदेशानुसार अनुरोध छ ।

(शोभाकर पाण्डेय)
शाखा अधिकृत

**बोधार्थ:**

श्री निर्वाचन आयोग, नेपाल,
कान्तिपथ, काठमाण्डौ।

श्री सूचना तथा प्रविधि शाखा, सबै स्थानीय तहहरुलाई यथाशिघ्र ईमेल मार्फत जानकारी गराइदिनुहुन ।